प्रदेश सरकार
प्रदेश नं. ५
भौतिक पूर्वाधार विकास मन्त्रालय

# खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

## योगिकुटी, रुपन्देही

## बोलपत्र आह्वानको सूचना

**प्रथमपटक प्रकाशित मिति २०७६/०६/०१**

यस खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, रुपन्देही द्वारा नवलपरासी, कपिलबस्तु र रुपन्देही जिल्ला भित्रमा सञ्चालित विभिन्न खानेपानी आयोजनामा चालु आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रम अनुसार डिप बोरिङ गर्ने कार्य E-Bidding द्वारा गर्नुपर्ने भएकोले इजाजत प्राप्त डिप बोरिङ निर्माण व्यवसायीहरु बाट निम्न शर्तहरुको अधिनमा रहने गरी शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र फारम यो सुचना प्रकाशित मितिले ३० दिन भित्र रु ३०००/- (फिर्ता नहुने गरि) राष्ट्रिय बाणिज्य बैंक बुटवल रुपन्देहीको राजश्व शिर्षक नं. १४२२९ ( प्रशासनिक दस्तुर बोलपत्र) कार्यालय कोड नं. ३३७०५४८०१५ खाता नं. १०००२०००१०००० मा जम्मा गरेको सक्कल भौचर सहित लिखित निवेदनको साथमा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र, तथा अघिल्लो आ.व.सम्म कर तिरेको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु E-bidding मा scan गरी बोलपत्र download र खरिद गर्न सकिनेछ ।

२. E-bidding बोलपत्र खरिद गर्दा कम्तिमा १०० मिटर भन्दा बढी गहिरो १ गोटा बोरिंग खनेको अनुभवको प्रमाणपत्र का साथै ड्रिलिङ मिसिन भएको स्वामित्व पत्र पेश गर्नु पर्ने छ ।

३. एक ब्यक्ति एक फर्म वा संस्थाको नाममा खरिद भएको सिलबन्दी बोलपत्र अर्को ब्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

४. बोलपत्र पेश गर्दा माथि उल्लेखित प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी e-bidding मा भएको बोलपत्र फाराममा दररेट महलको अंक र अक्षर दुवै स्पष्ट उल्लेख गरि बोलपत्र फाराममा तोकिए अनुसारको जमानत वापतको धरौटी धरौटी रकम रा.बा. बैंक, बुटवल रुपन्देहीको धरौटी खाता नम्बर ३१२०५०२००००००० र अफिस कोड ३३७०५४८०१५ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन म्याद भएको बैंक जमानी पत्र (सेक्यूरिटी बण्ड) बोलपत्र फाराम साथ संलग्न गरि माथि उल्लेखित सम्पूर्ण कागजात संलग्न गरि सूचना प्रकाशित भएको मितिले ३१ (एकतिसौं) दिन दिनको १२:०० बजेसम्म online e-bidding द्वारा पेश गरीसक्नु पर्नेछ ।

५. दर्ता हुन आएका बोलपत्र दर्ता हुने अन्तिम दिन दिनको २.०० बजे उपस्थित बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । ठेकेदारहरुको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा त्यसको पछि लगतै कार्यालय खुलेको दिन क्रमशः सो कार्यहरु गरिने छ ।

७. म्यादभित्र दर्ता हुन नआएको तथा अन्य कुनै रित नपुगेको बोलपत्र उपर कुनै किसिमको कारवाही हुने छैन ।

८. पेश भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. कुनै किसिमको अन्य जानकारी चाहिएमा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१० .यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन नियम अनुसार र bid Document अनुसार हुनेछ ।

११. बोलपत्र सम्बन्धी केही कुरा शंसोधन गर्न पर्ने भएमा यस कार्यालयको सूचना पाटीमा टांस गरिने छ

| सि.नं. | जिल्ला | बोलपत्र नं.. | कार्यको विवरण | आयोजनाको नाम | लपत्र खरिद मूल्य | ुमानित लागत (मू.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | कपिल बस्तु | WSSDOR /04/2076-77 | डिप बोरिङ निर्माण कार्य | कजरहावा खा.पा.आ. | ३०००/ | ९३,०९,३८०.५९ | २,५०,०००.०० |
| २ | | | | पिपरा खा.पा.आ. | | | |
| ३ | | | | विठुवा खा.पा.आ. | | | |
| ४ | रुपन्देही | WSSDOR /05/2076-77 | डिप बोरिङ निर्माण कार्य | खड्क बनगाई खा.पा.आ. | ३०००/ | १,१३,७९,२९९.४८ | ३,००,०००.०० |
| ५ | | | | सैनामैना खा.पा.आ. | | | |
| ६ | | | | बालापुर खा.पा.आ . | | | |
| ७ | | | | बुटवल १-४ खा.पा.आ. | | | |
| ८ | नवलपरासी | WSSDOR/06/2076-77 | डिप बोरिङ निर्माण कार्य | परासी बृहत खा.पा.आ. | ३०००/ | ८९,२९,१११.४७ | २,४०,०००.०० |
| ९ | | | | सरावल गाउँपालिका वार्ड नं १४ खा.पा.आ. | | | |
| १० | | | | सरावल आर्सेनिकमुक्त खा.पा.आ. | | | |

**डिभिजन प्रमुख**